जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today Daily
एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष ११ • अंक १३ • २०८० कार्तिक २० गते सोमवार • 6 Nov. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## आर्थिक गतिविधि नहुँदा बजारमा सुनसान



**वीरेन्द्र कर्ण**
महोत्तरी, १९ कार्तिक

महोत्तरी जिल्लाको मटिहानी बजारमा आर्थिक गतिविधि नहुँदा सुनसान जस्तै अवस्थामा रहेको छ। तर भारतको मधवापुर बजारमा अहिले नेपाली उपभोक्ताको कारण भीडभाड बढेको छ।

करिब २५ वर्ष अगाडि आर्थिक सम्पन्नताको कारण गुल्जार देखिने मटिहानी बजार माओवादी द्वन्दकालदेखि प्रभावित भएपछि आफ्नो आर्थिक साख समेत जोगाउन नसक्ने अवस्थामा पुगेको छ। द्वन्दकालमा तीन वटा ठूला राइस मिल रहेको र २५ गाउँका किसानहरू आफूले उत्पादन गरेको धान तथा खाद्यन्न बिक्री गर्न मटिहानी आउँदा यहाँको आर्थिक गतिविधि बढेको थियो । मटिहानी उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र चौधरीका अनुसार अहिले सीमावर्ती भारतीय बजार मधवापुरको व्यापार उच्च रहेको छ भने मटिहानीका व्यापारीको पसलमामा कतिदिन त कारोबारनै हुन नसक्ने अवस्था आएको छ।

सीमावर्ती मटिहानी बजार तथा भारतको मधवापुर बजार टाँसिएको छ । नेपाली बजार र भारतीय बजारको पसलमा करिब करिब एउटै मूल्य रहेको छ। तर पनि नेपाली उपभोक्ताहरू भारतीय बजार मधवापुरतर्फ आकर्षित हुँदै गएका छन्। यसको कारण खोज्दा मटिहानीका व्यापारीहरू नेपाली उपभोक्तामा मधवापुर बजारमा सस्तोमा समान पाइन्छ भन्ने मानसिकता रहेको बताउँछन्।

नेपाल भारतबीच रहेको खुल्ला सीमाको कारण तस्करी बढेको छ भने सीमा सुरक्षाको लागि खटेको सशस्त्र र जनपथ प्रहरीले आर्थिक लोभमा परी जथाभावी भारतीय सामान नेपाल भित्रन दिने गरेको जस्ता कारणले पनि मटिहानी बजार सुक्दै गएको गुनासो स्थानीय व्यापारी

*बाँकी पृष्ठ ३ मा।*

## भारतीय पर्यटकबीच गाडीभित्रै कुटाकुट हुँदा एक जना घाईते



**जलेश्वरटुडे समाचारदाता**
धनुषा, १९ कार्तिक

नेपाल घुम्न आएका पाँच भारतीय पर्यटकबीच गाडीभित्रै कुटाकुट हुँदा एक जना घाईते भएका छन्। शनिबार साँझ जनकपुरधाम उपमहानगरपालिका वडा नं. २३ लादोबेलास्थितको पुलमा बिआर ०६ डिडि ५३३६ नम्बरको गाडीभित्र आफ्नै साथीमा कुटाकुट गरिरहेको अवस्थामा स्थानीयहरुले देखेपछि प्रहरीलाई खवर गरेको थियो।

साँझ करिब ६:३० बजेको समयमा पुलमा गाडीभित्रै कुटाकुट गरी एक जना साथी बेहोस भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। स्थानीयहरुले गाडीमा अपरहण गरी लैजाँदै गरेको बताएपनि सबै भारतीय र साथीहरु नै रहेको प्रारम्भिक अनुसन्धानलाई उदृत गर्दै जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । उनीहरुल भारत बिहारको सितामढी र मुजफ्पुरको रहेको प्रहरीले जनाएको छ। सितामढी बस्ने बर्ष २५ बर्षको सोनु कुमार, ३१ बर्षिय सुरज राय, बर्ष २२ को मयक कुमार सिंह, हिमान्सु शेखर र ३६ बर्षिय प्रभाकर नामका युवकहरु रहेका छन्। उनीहरुले पाँचै जना

*बाँकी पृष्ठ ३ मा।*

## कृषकहरुलाई मटिहानी नगरपालिकाका प्रमुख मण्डलद्वारा औषधि छर्किने स्प्रे मेंशीन वितरण



**जलेश्वरटुडे समाचारदाता**
महोत्तरी, १९ कार्तिक

मटिहानी नगरपालिका वडा नं ७ का कृषकहरुलाई मटिहानी नगरपालिकाका प्रमुख हरि प्रसाद मण्डलले औषधि छर्किने स्प्रे मेंशीन वितरण गरेका छन। मटिहानी नगरपालिका वडा नं ७ को वडा स्तरीय योजना अन्तर्गत सो वडाका ६५ जना कृषकहरुलाई कृषि कार्यमा सहयोग पुग्ने उद्देश्यले सो समाग्री वितरण गरिएको कुरा जनाइएको छ।

सो अवसरमा बोल्नुहुँदै प्रमुख मण्डलले वितरण गरिएको सो सामाग्री बाट कृषकहरुलाई

*बाँकी पृष्ठ ३ मा।*

## इजरायलमा हमासको आक्रमणमा परी ज्यान गुमाएका साहको दाह संस्कार



**जलेश्वरटुडे समाचारदाता**
धनुषा, १९ कार्तिक

इजरायलमा हमासको आक्रमणमा परी ज्यान गुमाएका धनुषा लक्ष्मीनियाँ गाउँपालिका-४ सपहीका आनन्द साहको शनिबार दाह संस्कार गरिएको छ । आनन्दको शवलाई उनको काकाको छोरा बेचन साहले दागवती दिएका थिए। आनन्दको मृत्यु गत असोज २१ गते इजरायलमा हमास चरमपन्थी समूहको आक्रमणमा परी भएको थियो । जनकपुरधामस्थित एन्जल्स बोर्डिङ्ग स्कुलबाट एसईई उतीर्ण गरेका उनी पूर्ण छात्रवृतिमा बिएससी एग्रिकल्चर गरेका थिए। सुदुरपश्चिमको कृषि विश्वविद्यालयबाट ५० नेपाली विद्यार्थीलाई कृषि क्षेत्रमै थप प्रशिक्षित बनाउनका लागि १० महिने प्रशिक्षणका लागि इजरायल पठाइएको थियो। आनन्दको शव गाँउ पुग्दा भक्कानिए गाउँले सबै उनको शव हेर्न गाँउवासीको भिड मात्र लागेन हरेक गाउँवासीको आँखामा आँसु र अनुहारमा पिडा झल्किन्थ्यो। हमासको आक्रमणमा परी मृत्यु भएको उनको २७ दिनपछि शव ल्याइएको हो ।

नेपाली सेनाको विशेष विमानबाट उनको शव शनिबार साढे ४ जनकपुरधाम विमानस्थलमा ल्याएको थियो । विमानस्थलबाट नेपाली सेनाकै टोलीले आनन्दको शव एम्बुलेन्समा सपहीसम्म पुर्याएको थियो । आनन्दको शव सपही पुग्दा पूरै गाउँ भावविह्वल बनेको थियो ।






## भूकम्पमा परी मृत्यु भएका व्यक्तिका प्रतिपरिवारलाई २ लाखका दरले राहत

**जलेश्वरटुडे समाचारदाता**
काठमाण्डौं, १९ कार्तिक



भूकम्पमा परी मृत्यु भएका व्यक्तिका प्रतिपरिवारलाई रु दुई लाखका दरले राहत दिने नेपाल सरकारले निर्णय गरेको छ।

आइतबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकको निर्णय जानकारी गराउँदै नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले तत्काल राहतस्वरूप पहिलो चरणमा सो सहयोग उपलब्ध गराउने निर्णय भएको जानकारी दिए। यसैगरी, जाजरकोट भूकम्पका कारण मृत्यु भएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै राहत तथा उद्धारको कामलाई तीव्रता दिने र घाइतेको निःशुल्क उपचार गर्ने निर्णय भएको मन्त्री शर्माले जानकारी दिए। शुक्रबार राति जाजरकोट केन्द्रबिन्दु भई ६ दशमलव ४ रेक्टर स्केलको भूकम्प जाँदा जाजरकोट र रुकुमपश्चिम जिल्लामा एक सय ५७ जनाको निधन भएको थियो।




## सम्पादकीय ...

# नेपालमा कानुनी शिक्षा

*शिक्षालाई मौलिक हकमा राख्ने थोरै मुलुकको सूचीमा नेपाल पनि पर्छ । यसैले नेपालको संविधानमा मौलिक हकको ग्यारेन्टी गर्ने कार्यहरू अन्तर्गत शिक्षासम्बन्धी हकलाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको अवस्था छ । शिक्षाको हकको अतिरिक्त शिक्षामा नागरिकको पहुँचलाई समेत मौलिक हकका रूपमा संविधानले आधारभूत परिभाषित गरेको अवस्था छ । उदाहरणका लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क बनाउने कुरासमेत मौलिक हककै रूपमा राखिएको छ ।*

*यसैले नेपालमा शिक्षासम्बन्धी हकको दायरालाई फराकिलो पार्दै मौलिक हकका रूपमा आत्मसात् गरिएको छ । जुन कार्यलाई नेपालको संविधानको धारा ३१ तथा बालबालिकाको सम्बन्धमा धारा ३९ लगायतका संवैधानिक व्यवस्थाबाट स्पष्ट हुन आउँछ तर कानुनी शिक्षाको सन्दर्भमा संविधान मौन रहेको अवस्था देखिन्छ । केवल संविधानको धारा २० को उपधारा १० ले असमर्थ पक्षलाई कानुनबमोजिम नि:शुल्क कानुनी सहायता पाउने हक हुने छ भन्ने व्यवस्था उल्लेख भए तापनि त्यस्तो कानुनी सहायता मुद्दा मामिलाको सन्दर्भलाई लिएर भन्न खोजिएको हो तर विश्वविद्यालय स्तरको कानुनी शिक्षालाई भन्न खोजिएको होइन ।*

*शिक्षा सम्बन्धी मौलिक हकको सन्दर्भमा कुरा गर्दा कानुनी शिक्षा कुनै पनि व्यवस्थित अर्थमा अधिकांश न्याय क्षेत्रमा अपेक्षाकृत कार्य हो । यस्तो शिक्षाले पुरातन ग्रिस र रोममा कानुनी विशेषज्ञता भएका व्यक्तिको व्यावसायिक वर्गको स्थापनालाई समर्थन गर्ने कार्यमा वकालत गरी नैतिक र कानुनी विषय जस्ता औपचारिक प्रशिक्षण दिने कार्यमा बढावा दिन्छ । अन्त्यमा, सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको सातौँ वर्ष पार गर्न लागेको छ । संविधानले परिकल्पना गरेका अधिकारको प्रत्याभूति, संविधानले नै गरेको अधिकार को बाँडफाँटको समुचित तालमेल मिलाउने कुरा नै अहिलेको महत्वपूर्ण विषय हो ।*

# मटिहानी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धिरापुर, महोत्तरी

मधेश प्रदेश, नेपाल

## करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८०/०७/२०

मटिहानी न.पा.मा संचालित वहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गतका लागी तपसिलको पदमा देहायको संख्या र योग्यता पुगेका महिला कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली महिला नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रह) दिन भित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित आवेदन दिनहुन सम्बन्धित सबैको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| क्र.सं. | विज्ञापन नं. | सेवा करारमा लिने पद | पद संख्या | दरखास्त दस्तुर | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०३।०८०।०८१ | पोषण स्वंसेवक | १ (एक) | रु.५००।- | १२ कक्षा उत्तिर्ण भएको |

**शर्त/बन्देज तथा पेश गर्नुपर्ने आवश्यक कागजात**

१) उमेर हद २१ वर्ष पुरा भै ४० वर्ष ननाघेको ।
२) स्थानीय तहमा स्थायी वसोवास गरेको हुनुपर्नेछ ।
३) परीक्षाको किसिम : छोटो सूची, लिखित र मौखिक (अन्तर्वार्ता) ।
४) आवेदनको अन्तिम म्याद : २०८०।०८।०४ गते सम्म ।
५) आवश्यक कागजात : व्यक्तिगत विवरण, नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यता प्रमाणपत्रहरु, अनुभव प्रमाणपत्रहरुका प्रतिलिपि संलग्न राखि स्वयं उपस्थिती भई आवेदन दिनुपर्नेछ ।
६) माछापुच्छ्रे बैंक लि. मटिहानी शाखा महोत्तरीमा मटिहानी न.पा.को आन्तरिक राजश्व खाता नं.०६०००६०८६९३००१२१ ग-१-१ मा आवेदन (दरखास्त) वापत जम्मा रकम रु.५००।- दस्तुर तिरेको सक्कल भौचर ।
७) कार्यशर्तको विवरण (TOR) तोकिएको बमोजिम हुनेछ ।
८) आवेदकको हस्तलिखित दरखास्त ।
९) पासपोर्ट साईजको फोटो ३ प्रति ।
१०) पारिश्रमिक तथा सेवा सुविधा तोके बमोजिम हुनेछ ।
११) कानुन बमोजिम अयोग्य नठहरिएको ।
१२) दरखास्त दिने म्याद सकिए पछि छोटो सूची, लिखित परीक्षा र अन्तर्वार्ताको मिति पछि प्रकाशन गरिनेछ ।
१३) उल्लेखित सूचना अनुसार दरखास्त स्वीकृत गर्ने वा नगर्ने अधिकार छनौट तथा सिफारिस समितिमा निहित रहनेछ ।

**नोट :** दरखास्त दिने अन्तिम मितिको दिन सार्वजनिक विदा भएमा सोको भोलिपल्ट दरखास्त दिन सकिनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

## तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने
वृष: आम्दानी हुने
मिथून: मनमा पछुतो आउने
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: खानपानमा समस्या आउने
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: विचार गरेर बोल्नुहोला
धनु: शुभ कार्यको शुरुवात
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: लामो यात्राको योग छ
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**




## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

## आर्थिक गतिविधि..................

दिलिप गुप्ताको छ। अहिले नेपाली उपभोक्ताहरू सीमा पारी भारतीय बजार मधवापुरमा गएर कपडा, चिनी, दाल, आलु प्याजलगायतका दैनिक उपभोगका सामानहरू खरीद गर्छन । सोही कारण मधवापुरको दैनिक व्यापार ५० लाख रुपैयाँसम्मको हुने गरेको छ । चेम्बर अफ कमर्स मधवापुरका अध्यक्ष चेतन कुमार रेश्मीले ७५ प्रतिशत नेपाली उपभोक्ताहरू किनमेल गर्न यहाँ आउने गरेकोले दैनिक ६० प्रतिशत व्यापार हुन गरेको बताए। मधवापुर बजारमा ठूला साना गरी करिब एक हजारको हराहारीमा पसलहरू रहेका छन् । भारतीय व्यापारीहरूले नेपाली उपभोक्तालाई दृष्टिगत गरी सहुलियत दरमा सामान बेच्दा अहिले सीमावर्ती भारतको जयनगर, महिनाथपुर, दुहवी, खौना, बासोपटी, उमगाउ, हरिने, देवधा, मधवापुर, मिठा मोड, सुरसण्ड बजारमा नेपाली उपभोक्ताहरूको कारण दैनिक पाँच करोडको व्यापार हुने गरेको छ। नेपाली उपभोक्ता र व्यापारी नभएको भए भारतीय बजारको व्यापार खस्किने मिठा मोडका व्यापारी कृष्ण कुमार सिंह बताउँछन् । नेपाली उपभोक्ताको कारण मिठा मोडको दैनिक व्यापार करोडभन्दा बढी हुने गरेको छ । नेपाल भारतबीच रहेको खुल्ला सीमाको कारण भारतीय बजारमा सस्तोमा सामान पाउने भएपछि दुबै देशका व्यापारी र उपभोक्ताहरूबीच सौहार्दपूर्ण सम्बन्ध रहेकोले नेपाली उपभोक्ताहरू भारतीय बजारतर्फ आकर्षित हुँदै आएका छन्। दैनिक ५० हजारबढी नेपाली उपभोक्ताहरू किनमेल गर्न सीमावर्ती भारतीय बजारमा जाने गरेका छन् । सोही कारण भारतीय बजार आर्थिक रुपमा सम्पन्न हुँदै गएको हो । नेपाली उपभोक्ताका कारण व्यापार फस्टाएको भारत जयनगरका किराना व्यापारी हरिकृष्ण साह बताउँछन् । नेपाली उपभोक्ता तथा व्यापारी नआएको भए जयनगरको व्यापार आर्थिक रूपमा सुनसान हुने उनको भनाइ छ।

## भारतीय पर्यटकबीच.............

एउटै गाडीमा जनकपुर घुम्न आएको बताईएको छ । उनीहरुबीच कुनै विषयलाई लिएर गाडीभित्रै झगडा हुँदा सो मध्येका मयक कुमार सिंहलाई निर्घात कुटपिट गरी गम्भिर घाईते बनाएको हो। उनी बेहोसी अवस्थामा भेटिएपछि स्थानीयहरुले समातेर प्रहरीलाई जिम्मा लगाएको बताईएको छ । सिँहलाई जनकपुरस्थित एक हस्पिटलमा उपचार भईरहेको प्रहरीले जनाएको छ। अन्य चार जनालाई जिल्ला प्रहरी कार्यालय धनुषामा राखेर अनुसन्धान भईरहेको जनाईएको छ। प्रहरीका अनुसार, स्थानीयहरुले अपहरण गरी लैजाँदै गरेको बताएपनि त्यस्तो नदेखिएको बताईएको छ । यस सन्दर्भमा अनुसन्धान भईरहेको छ।

## कृषकहरुलाई मटिहानी...........

कृषि कार्यमा सहयोग पुग्ने भन्नुभयो । मटिहानी नगरपालिका वडा नं ७ का वड़ा अध्यक्ष जीत नारायण माझीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वड़ा नं.६ का वड़ा अध्यक्ष कलीम अंसारी, वड़ा सदस्यहरु, लोसपाका नगर अध्यक्ष श्याम कुमार मंडल लगायत सो वड़ाका कृषकहरुको उपस्थिति रहेको थियो ।

# सामुदायिक विद्यालयका प्रधानाध्यापक झुन्डिएको अवस्थामा फेला



**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १९ कार्तिक**

सिरहामा एक सामुदायिक विद्यालयका प्रधानाध्यापक झुन्डिएको अवस्थामा फेला परेका छन् । गोलबजार नगरपालिका ३ स्थित सरस्वती माध्यमिक विद्यालय तेतरिया जमदहका प्रधानाध्यापक सञ्जीवकुमार साह विद्यालयमै झुन्डिएको अवस्थामा फेला परेका हुन् ।

मिर्चैया नगरपालिका ६ का बासिन्दा साहको मोटरसाइकल विद्यालयमै भेटिए पनि उनी नभेटिएपछि लामो समयसम्म खोजी भएको थियो । खोज/तलास गर्ने क्रममा बिहान ११ बजेतिर विद्यालयको तेस्रो तल्लामा निर्माणाधीन सभा हलमा सलको पासोमा झुन्डिएको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

घटनास्थलमा केही रगतका टाटा देखिएकाले घटना शंकास्पद रहेको आरोप परिवारजनले लगाएका छन् ।

# कृष्णनगरमा प्रोलिङ्क अटोमोटिभ सर्विस सेन्टर सञ्चालन




**जलेश्वरटुडे समाचारदाता**
**कपिलवस्तु, १९ कार्तिक**

कपिलवस्तुको कृष्ण नगरमा प्रोलिङ्क अटोमोटिभ सर्विस सेन्टर सञ्चालन आएको छ । कृष्णनगर नगरपालिकाको वडा नम्बर २ कृष्णनगरको मुख्य बजार क्षेत्र बैंक रोडमा प्रोलिङ्क अटोमोटिभ सर्विस सेन्टर सञ्चालनमा आएको हो । आधुनिक प्रविधि र दक्ष जनशक्तिबाट कार मोटर गाडी बनाउने प्रोलिङ्क अटोमोटिभ सर्विस सेन्टर संचालनमा आएको छ ।

अटोमोटिभ सर्विस सेन्टरले आधुनिक प्रविधिमार्फत सेवा दिइने उद्धेश्यले सुविधा सम्पन्न अटोमोटिभ सर्विस सेन्टर सञ्चालनमा ल्याएको छ । अटोमोटिभ सर्विस सेन्टरले मल्टीब्राण्ड सेवा समेत उपलब्ध गराएको सञ्चालक गुफरान अहमद फारुकीले जानकारी दिए । कृष्णनगर मुख्य व्यापारिक क्षेत्र रहेकोले सवारी साधन मर्मतका लागि भारतको नौगढ, बलरामपुर वा नेपालको बुटवल जानुपर्ने बाध्यतालाई मध्यनजर गर्दै सहजतमका लागि कृष्णनगरमा प्रोलिङ्क अटोमोटिभ सर्विसले सेवा सञ्चालनमा ल्याइएको उनले बताए । मंगलबार एक कार्यक्रमबीच प्रोलिङ्क अटोमोटिभ सर्विस सेन्टरको उद्घाटन गरिएको छ। प्रतिनिधि सभा सदस्य मंगल प्रसाद गुप्ता र प्रतिनिधि सभा सदस्य सराज अहमद फारुकीले फित्ता काटेर प्रोलिङ्क अटोमोटिभ सर्विस सेन्टरको उद्घाटन गरेका हुन्। सांसद गुप्ताले कृष्णनगरमा प्रोलिंक अटोमोटिभ सर्विस सेन्टर सञ्चालनले यहाँका व्यापारी तथा सर्वसाधरणलाई सहज हुने बताउँदै स्थानीयलाई रोजगारीको अवसर पनि भएको बताए ।

सराज अहमद फारुकीले यस सर्विस सेन्टरले सस्तो, विश्वासिलो र आधुनिक प्रविधिले कार मोटर गाडीको मर्मतको माध्यमले स्थानीय युवा शक्तिलाई रोजगारमा लगाउने प्रयासको पहिलो पाईला अघि सारेको बताए । उनले सर्विस सेन्टरले ल्याएको आधुनिक प्रविधि यो क्षेत्रकोरु वरिपरि र भारतको नजिक बजारहरुमा नभएको बताउँदै यस सेन्टरले भरपर्दो सेवा दिइनुपर्नेमा जोड दिए । उद्घाटन कार्यक्रममा प्रदेश सांसद नवराज लामिछाने, मुस्लिम आयोगका सदस्य मिर्जा अरशद वेग, विजयनगर गाउँपालिका अध्यक्ष गोपाल बहादुर थापा, शिवराज नगरपालिका उपमेयर शिव कुमार चौधरी, नेकपा एमाले जिल्ला अध्यक्ष डम्मर शर्मा, एमालेका नेता सुशील श्रीवास्तव, सफर अलि मियाँ, मिर्जा राशिद बेग,नेकपा समाजवादीका नगर अध्यक्ष इन्तेखाब खाँ, लायन्स क्लबका दिनेश गुप्ता, असलम खान, नेकपा एमालेका नेता कुनाल प्रताप शाह, कृष्णनगरका प्रहरी निरीक्षक लक्ष्मण ओली लगायतहरुको उपस्थिति थियो ।

प्रोलिङ्क अटोमोटिभ सर्विस सेन्टरले समयको आफर समेतको घोषणा गरेको छ । ३ सय रुपियाँको कुपन खरिद गर्दा गाडीको बाडी वास र ४ सयको कुपनमा जेकवासको सुविधा रहेको संचालक फारुकीले जनाए। उनले चेकिङ्ग निःशुल्क रहेको बताउँदै कपिलवस्तु जिल्लाभित्र पिकअप डेलिभरीको सुविधा रहेको बताए । मल्टीब्राण्ड पार्टपुर्जा पनि उपलब्ध गराउनु साथै सर्विस सेन्टरले सस्तो, भरपर्दो, विश्वासिलो र कम समयमा गुणस्तरयुक्त सेवारु सुविधा दिने फारुकीले जनाए ।




## कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



# के तपाईं उदार हुनुहुन्छ ?

-मेरा एक जना मित्र छन्, मोहन सुब्बा । लामो समय नेपालको बैंकिङ क्षेत्रमा बिताएका उनी अहिले अमेरिका बस्छन् । साहित्य पढ्छन् र घुमडुलमा रमाउँछन् । दसैंमा नेपाल फर्किएका उनीसँग मैले धेरैपछि लामो संवाद गरें । त्यसै क्रममा मैले सोधें, 'अमेरिका र नेपालमा के फरक अनुभव गर्‍यौं त साथी ?' **के तपाईं उदार हुनुहुन्छ ?** उनले भने, 'अमेरिकामा मान्छेहरू उदार छन । त्यहाँ एकअर्काप्रति एसेप्टेन्स छ । जो जे हो उसलाई त्यही रूपमा स्वीकार गर्ने उदारता । उनीहरू कसैको निजी आस्थालाई अपमान गर्दैनन् । तर नेपालमा उदारता छैन । हामी अनेक जाति, धर्म र सम्प्रदायका मान्छे हजारौं वर्षदेखि सँगै छौं, तर पनि अझै अनावश्यक रूपमा संकीर्ण र पूर्वाग्रही छौं ।' मैले भनें, 'नेपालमा पनि उदार र सहिष्णु एवं सद्भाव भएका मान्छेहरू प्रशस्तै छन् ।' आफ्नो भनाइलाई स्पष्ट गर्दै उनले भने, 'मेरो यो टिप्पणी तिनीहरूप्रति हो, जो वास्तवमै संकीर्ण, पूर्वाग्रही र अनुदार छन् । जो उदार र सद्भावपूर्ण छन्, उनीहरूप्रति मेरो पूर्ण सम्मान छ ।' उनको कुरा सुनिबस्दा मेरो मनमा आए भर्खरै धरान, मलंगवा र नेपालगन्जमा भएका धार्मिक र सामाजिक अतिवादका घटनाहरू, जसले सावित गर्छन्– हामी कट्टर र अनुदार छौं । हाम्रो संकीर्णता असाध्यै निम्नकोटिको छ । हामी कतै धोती, जनै र टोपीसँग पूर्वाग्रह राख्छौं; कतै रंग, नाक र आँखासँग ।

आज पनि हाम्रा विद्वान्हरू दसैं मनाउने र बहिष्कार गर्नेमा विभाजित हुन्छन् । अझै पनि हिन्दुहरूले पुज्ने गोरुलाई काटिखाँदा एक थरीलाई उल्कैको आनन्द आउँछ । आज पनि किरात आस्थाको प्रतीक खुवालुङलाई कोही फगत ढुंगा ठानेर अपमान गर्छन । मित्र मोहनले भने, 'अमेरिकाको समाज जात, धर्म र संस्कृतिलाई व्यक्तिको निजी छनोट मान्छ । हाम्रोमा ती सबैभन्दा माथि हुन्छ घनघोर राजनीति ।'

कुराकानी चलिरहँदा मेरो मनमा अनेक अनुहार घुमीघुमी आए । स्वघोषित अग्रगामी अनुहार । कोही गेरु रंगका, कोही हरियो रंगका । कोही अग्लो नाक गरेका, कोही चिम्सा आँखा गरेका । मनमनै गमें, के उनीहरू (हामी) साँच्चै 'उदार' छन् ? के उनीहरू फरक विचार, धर्म, संस्कृति र आस्थाप्रति 'समभाव' राख्छन् ? के उनीहरूमा 'एसेप्टेन्स' छ ? सभ्य समाजमा उदारता, स्वीकार्यता र समभाव तीन कारणले महत्त्वपूर्ण हुन्छन् । पहिलो, हाम्रो जस्तो बहुधार्मिक, बहुसांस्कृतिक र बहुजातीय मुलुकमा उदारता, समभाव र स्वीकार्यताबिनाको लोकतन्त्र मूल्यहीन हुन्छ । दोस्रो, यी तीन आधारबिनाको बहुलवादी समाज कदापि बस्नलायक हुँदैन । तेस्रो, यी तीन आधारबिना न राज्य लोकतान्त्रिक हुन्छ न त राजनीति । किनभने आधुनिक समाजको सुन्दरता हो– उदारता, सहिष्णुता र स्वीकार्यता । तर कतिपय सन्दर्भमा अहिले हाम्रो समाज ठीक विपरीत दिशामा चल्दै छ । अर्थात्, यो कट्टरता, पूर्वाग्रह र दक्षिणपन्थको अँध्यारोतिर जाँदै छ । प्रश्न आउँछ, यो किन जातीय र धार्मिक अतिवादको संकुचनतर्फ जाँदै छ ? कोही कसैका निजी आस्थाप्रति असहिष्णु कसरी हुन सक्छन् ? आजलाई यी र यस्तै प्रश्नमा विवेचना गरौं । **ऐतिहासिक कमजोरी** जगजाहेर छ, मानव सभ्यता कहिल्यै सीधा रेखामा हिँडेन । पछिल्ला हजारौं वर्ष, यो अनेक बक्ररेखा पार गर्दै अगाडि बढ्यो । सभ्यता निर्माणको 'होमोसेपियन्स' यात्रा आँधीजस्तै तीव्रतम थियो । यात्राका कहाँको मान्छे कता पुग्यो, कहाँको कता ! यो महायात्रामा मान्छेले आफूसँगै बोकी ल्यायो– भाषा, धर्म, संस्कृति र सभ्यता । धर्म, संस्कृति, जमिन, सत्ता र शक्तिका लागि मान्छेले अनेक युद्ध गर्‍यो । अनेक संघर्ष भए । यसरी नै युद्ध, भागदौड र आप्रवासनको सिलसिला हजारौं वर्ष चल्यो । यो महासंग्राममा कुनै वंश सकिए, कुनै फैलिँदै गए । कुनै भाषा, संस्कार र संस्कृति लोप भए; कुनै विश्वव्यापी बने । मान्छे त्यो उथलपुथलको स्वयं नायक (खलनायक) बन्दै यहाँसम्म आइपुग्यो । त्यसै क्रममा आधुनिक देशहरू बने । कुनै देश युद्धबाट बने । कुनै देश युद्धबाटै नाश भए । देश, राष्ट्र, राज्य र सभ्यता निर्माणको यो प्रक्रिया आफैंमा कष्टदायक थियो । यो कष्टपूर्ण प्रक्रियाबाट कतिपय देश एकल चरित्रका बने ।

कतिपय देश बने बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक । देश बन्ने प्रक्रियामा लाखौंलाख मान्छे मारिए । मर्नेहरूमध्ये कसैको इतिहास लेखियो, कसैको इतिहास मेटियो । त्यसैले त भनिन्छ, 'लाखौं गुमनाम मान्छेको रगतले कोरिएको भूगोलको नाम हो– देश ।' नेपाल पनि त्यसरी नै बन्यो । अर्थात्, पृथ्वीनारायण शाहले युद्धबाट नेपाललाई एकीकृत गरे । त्यसपछि हामी अनेक नश्ल, भाषा, धर्म र संस्कृतिका मान्छेहरू एउटै देशका नागरिक भयौं । हाम्रो भूगोलको एकीकरण भयो । तर मान्छेसँग भूगोल मात्र थिएन । मान्छेसँग थिए– भाषा, धर्म, संस्कृति र कथाहरू, जसलाई न पृथ्वीनारायण शाहले एकीकृत गरे, न त त्यसपछिका शासकले । अर्थात्, हाम्रो धार्मिक, जातीय, भाषिक र



सांस्कृतिक मनसँग मनको एकीकरण भएन । राज्य देशको सिमानामा गर्व गरेर बस्यो, उसले मान्छेलाई जोड्ने रचनात्मक प्रयत्न नै गरेन । जे गर्‍यो, त्यो उल्टो थियो । परिणामतः, अनेकौं जातजाति सीमान्तीकरणमा परे । असन्तुष्टि बढ्दै गयो । राज्यसँगका ती असन्तुष्टि बिस्तारै शासक जातिमा ठोक्किन आइपुगे । शासक जातिसँगका असन्तुष्टिहरू बिस्तारै उनीहरूका भाषा, धर्म र संस्कृतिसँग ठोक्किए । संकीर्णता हुर्कंदै गयो । **आगो बाल्नेहरू** हामी धार्मिक र सामाजिक रूपमा यति धेरै कट्टर, संकीर्ण र पूर्वाग्रही हुनुका चार कारण छन् । पहिलो कारण छ– स्वयं राज्य । किनभने, भूगोलको एकीकरणपछि देशवासीको साझा मनोविज्ञान, साझा सपना र साझा लक्ष्य निर्माण गर्न राज्यले 'एक जाति, एक भाषा र एक भेष' को नीति लियो । अर्थात्, नेपाली जाति, नेपाली भाषा, हिन्दु धर्म, दौरा-सुरुवालको नीति । हुनुपर्ने थियो– सबै जाति, भाषा, धर्म र संस्कृतिलाई जोडेर नेपालीत्व निर्माण । तर बनाउन खोजियो– एक भाषा, एक धर्म, एक भेष र एकल संस्कृतिको नेपाल । नीति नै बेठीक भएपछि, परिणाम उल्टो निस्कनु स्वाभाविक थियो । त्यस्तै भयो । विभिन्न भाषा, धर्म, सम्प्रदाय र सभ्यताहरू पछाडि परे । सीमान्तीकरण बढ्दै गयो । राज्यका समावेशी तन्तुहरू चुँडिए ।

***सांभारः कान्तिपुर ।***


## कम्प्यूटर टाईप-प्रिन्ट



सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाइप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्झनुहोस ।

-: दिलीप कुमार साह :-

सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२ (जनकपुरधाम, माछा बजार)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला






जितपुर-सिमरा उपमहानगरपालिकाको कार्यालय, बारा






महागढीमाई नगरपालिकाको कार्यालय, बारा


# जसपाको शुभकामना आदानप्रदान, बृहत् पार्टी प्रवेश, सङ्गठन बिस्तार अभियान

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, १९ कार्तिक**

जनता समाजवादी पार्टी (जसपा) द्वारा रौतहटको देवाही गोनाही नगरपालिकामा आयोजित शुभकामना आदानप्रदान, बृहत् पार्टी प्रवेश, सङ्गठन बिस्तार अभियान कार्यक्रममा विभिन्न दलका दर्जनौं नेता कार्यकर्ता पार्टी प्रवेश गरेका छन् ।



पार्टी अध्यक्ष उपेन्द्र यादवको उपस्थितिमा शनिवार देवाही बजारमा आयोजना गरिएको शुभकामना कार्यक्रममा देवाही गाविसका पूर्वअध्यक्ष तथा एकीकृत समाजवादीका देवाहि गोनाहि मेयर प्रत्याशी धर्मेन्द्र पटेल, वडा प्रत्याशी कप्तान पटेल, बौधिमाई नगरपालिकाका प्रभावशाली नेता वीरेन्द्र पटेल लगायत दर्जनौं नेता कार्यकर्ता जसपामा प्रवेश गरेका थिए । पार्टी अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि यादवले नवप्रवेशीलाई स्वागत गरेका थिए। कार्यक्रममा विशिष्ट अतिथि मधेस प्रदेशका मुख्यमन्त्री सरोज यादव, पूर्व मन्त्री गोविन्द चौधरी, पूर्व राज्यमन्त्री योगेन्द्र यादव, पूर्व प्रदेश सांसद किशोरी यादव, प्रदेश सांसद शोभा साह, गुजरा नगरपालिकाका मेयर सन्तलाल चौधरी लगायतका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday